**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७७।०७८ सालको निर्णय नं.३२

पुनरावेदन नं. ०७५-RB-०३५६

**मुद्दाः– बढि भंसार मुल्याङ्कन (M८७७३)**

जिल्ला भक्तपुर मध्यपुर थिमी न.पा.वडा नं १५ कौशलटार क्षमादेबी विल्डिङ मेटेरियल्स प्रा.लि. को अख्तिरयारी प्राप्त संचालक निरन्जनकृष्ण श्रेष्ठ...........१ } पुनरावेदक

**विरुद्ध**

श्री मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौं.........................१
श्री सुख्खा बन्दरगाहा भन्सार कार्यालय, सिर्सिया, पर्सा.............................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- श्री सुख्खा बन्दरगाह भन्सार कार्यालय

शुरु कार्यालयको निर्णय मितिः–२०७५/०२/०२

**पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

मूल्य पुनरावलोकन गर्ने कार्यालय :- मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौं

मूल्य पुनरावलोकन निर्णय मिति : २०७६/०१/०८

श्री मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट भएको मिति २०७६/०१/०८ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम ऐनको म्याद भित्र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पैठारीकर्तालेे भन्सार विन्दुमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम मिति २०७५।०१।३१ मा कारोबार मूल्य घोषणा गरी निवेदन पेश गरेको। बिजकमा उल्लेख गरिएको मालवस्तुको मूल्य आसिकुडा डाटावेश, अन्य सूचना प्रणाली, अन्य पैठारीकर्ताहरुले गरेको कारोवार मूल्य तथा लोकल मूल्यबाट प्राप्त सूचना मूल्य भन्दा न्यून देखिएकोले सोही दफाको उपदफा ६ बमोजिम पैठारी गरी ल्याएको मालवस्तुको मूल्य पुष्टि गर्ने थप कागजात तथा प्रमाणहरु पेश गर्न मिति २०७५।०१।३१ मा पत्राचार गरेको।

२. पुनरावेदकले पत्रको जवाफमा पेश गरेको थप कागजात तथा प्रमाणहरु र आसिकुडा अभिलेखसमेतको आधारमा घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने अवस्था नदेखिएको, घोषित मूल्यको सत्यता पुष्टि हुन नसकेकोले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा २ बमोजिम भन्सार मूल्य निर्धारण गर्न नसकिएको, मूल्याङ्कनको लागि प्राप्त भएको मालवस्तु जस्तै **UPVC PROFILE GREADE H** चाईना तथा अन्य देशबाट पैठारी हुदाँ प्रति मे.ट.१.५ अमेरिकी डलरको दरले मूल्य कायम भएको अभिलेखबाट देखिंदा भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम क्रमशः अवलम्बन गर्नुपर्ने सोही ऐनको १३(९) बमोजिम यस अघि नेपालमा आयात गरेको मालवस्तुसँग मिलदोजुल्दो मालवस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्नुपर्ने देखिएको भनी बिजक बमोजिमको वस्तुको प्रति वर्ग मिटर ९ अमेरिकी डलर मूल्य कायम गरी वृद्धि भएको मूल्य जोडी भाडा र बिमा लगायतका खर्च समावेश गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ बमोजिम मूल्य निर्धारण गरी सोही ऐनको दफा १५ (क) बमोजिम मालवस्तु जाँचपास हुने भन्नेसमेत बेहोराको श्री सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साको मिति २०७५।०२।०२ को निर्णय।

३. प्राप्त कागजातहरुको अध्ययन गर्दा सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट सामान ता २४.०४.२०१८ मा प्र.द.नं.३७७८ मा वृद्धि गरिएको मूल्य रसुवा भन्सार कार्यालयबाट पैठारी हुन आएको प्रज्ञापनपत्र ३७३८ को विजक मूल्यसंग बराबर देखिएको र करिब उस्तै समयमा जारी विजक भएको हुँदा सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट प्रस्तुत मालवस्तु अमेरिकी डलर

१.५० प्रति के.जी.मूल्य कायम गरी जाँचपास गर्ने गरी मिति २०७५।०२।०२ मा भएको निर्णय कानून सम्मत देखिंदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६।०१।०८ मा भएको निर्णय ।

४. पुनरावेदक पैठारीकर्ताले **SHANGAI CONCH CO.LTD, CHINA** बाट **UPVC PROFILE GRADE H** पैठारी गरेको सामानको **Performa Invoice, Commercial Invoice** तथा **Letter Of Credit** समेत पेश भएकोमा स्पष्ट आधार र प्रमाणको विश्लेषण एवम् विवेचना नगरी पैठारीकर्ताले घोषणा गरेको मूल्यमा वृद्धि गरी कारोबार मूल्य कायम गरेको, पैठारी गरेको सामानको मूल्य हरेक घण्टा फरक हुने गरेकोमा उस्तै समय भित्रको अभिलेखलाई आधार मानी मेरो भनाइ समेत राख्ने मौका नदिई हचुवाको आधारमा एक पक्षीय रुपमा कारोबार मूल्य वृद्धि गरी भन्सार असुल गरेको प्रत्यर्थीको निर्णय त्रुटिपूर्ण रहेकोले कारोबार मूल्य लाई मान्यता नदिई सोमा वृद्धि गरी पुनरावेदकबाट भन्सार महसुल, अतिरिक्त महशुल तथा मु.अ.कर. समेत असुल गर्ने गरी भएको निर्णय बदर गरी उपरोक्त बमोजिम राखेको धरौटी रकम जम्मा रु. ६,२८,१८९।००।— (छ लाख अठ्ठाइस हजार एक सय उनान्नब्बे रुपैयाँ) फिर्ता दिनु भन्ने आदेश सहित न्याय इन्साफ गरी पाउँ भन्नेसमेत बेहोराको पुनरावेदकका तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।०२।१० गते पेश भएको पुनरावेदन पत्र।

५. यसमा मुलुकी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ प्रत्यर्थी झिकाउने गरी मिति २०७६।१०।२४ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

६. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र एवं सम्पूर्ण कागजात अध्ययन गर्दा पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण नेपालले UPVC Profile, छाना छाउनको लागि प्रयोग गर्ने मालबस्तु हो । उक्त सामान चिनबाट आयात गरी विभिन्न भन्सार कार्यालयबाट पैठारी गर्ने गरिन्छ । यसरी आयात गरिने मालबस्तुको मुल्य London Metal Exchange ले निर्धारण गरेको मूल्यका आधारमा विश्व बजारमा मूल्य कायम हुने गर्दछ । भन्सार ऐन, ०६४ को दफा १३ मा पनि विजक मूल्यलाई मान्यता दिनुपर्ने भनी उल्लेख गरिएकोमा ASYCUDA डाटाबेसबाट घोषित मूल्यको सत्यता नरहने, विजक मूल्यलाई अन्यथा प्रमाणित नगरेसम्म विजक मूल्यलाई कायम नगरिकन थप मूल्य निर्धारण गर्न मिल्दैन भनी फैसला समेत गरिएको पाईन्छ । भन्सार विन्दुमा पेश गरेको कागजातलाई अन्यथा प्रमाणित नगरिकन फरक मूल्य कामय गरी भन्सार कार्यालयबाट गरेको निर्णय बदरभागी हुनुपर्दछ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

७. विपक्षी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बास्ताकोटीले २०७४ चैत्र देखि २०७५ फागुनसम्म आयात गरिएको सामानको विषयमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ मा साइजको आधारमा Asycuda प्रणाली नमिलेको भनी उठान भएको पाईन्छ। Asycuda प्रणालीबाट नै यसको साइज हेरेर मूल्य निर्धारण गरेको हुन्छ जुन अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार मिलेको छ, छैन हेरिन्छ। Asycuda प्रणालीबाट नै विजक मूल्य निर्धारण गर्ने गरी शुरु कार्यालयबाट गरेको निर्णय सदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

८. उपर्युक्त बहस समेत सुनि मिसिल अध्ययन गरी प्रस्तुत शुरु निर्णय मिलेको छ, छैन ? र पुनरावेदन जिकिर अनुसारहुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

९. निर्णयतर्फ विचार गर्दा पुनरावेदक क्षमादेवी विल्डिङ्ग मेटेरियल्स प्रा.लि.ले प्रज्ञापन पत्र नं. M८७७३ बाट पैठारी गरेको मालबस्तु भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम प्रति के.जी.यु.एस डलर ०.९ रहेको भनि भन्सार मूल्य निर्धारण गर्न पेश गरेको विजक, Asycuda डाटाबेस लगायत अन्य प्रणालीबाट प्राप्त सूचना मूल्य भन्दा फरक परेको, पैठारीकर्ताले पेश गरेका कागजात तथा प्रमाणहरु Asycuda डाटाबेस समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने आधार समेत नदेखिएकोले उक्त पैठारी भएको मालबस्तु ऐ. ऐनको दफा १३ को उपदफा ९ बमोजिम प्रति के.जी. अमेरिकी डलर १.५० मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट निर्णय भएको देखियो ।

१०. पुनरावेदक पैठारीकर्ताले सुख्खा बन्दरगाह भंसार कार्यालय सिर्सियाबाट प्रज्ञापनपत्र नं. M८७७३ मार्फत UDVC Profile मालबस्तु पैठारी गरिएको देखिन्छ। उक्त मालवस्तु पैठारी गर्दा पैठारीकर्ताले भंसार ऐन,२०६४ को दफा १३ को उपदफा ३ बमोजिम मालवस्तुको कारोबार मूल्य निर्धारण गरीपेश गरेको विजक मूल्य Asycuda Database लगायत अन्य प्रणालीहरुबाट प्राप्त सूचना मूल्य भन्दा न्यून देखिएकोले सोही दफाको उपदफा (६) बमोजिम उक्त मालवस्तुको मूल्य पुष्टि गर्ने थप कागजात तथा प्रमाणहरु माग भएकोमा तथ्यपूर्ण र विश्वसनीय प्रमाण कागजात पेश गर्न सकेको देखिएन भने यस्तै मालवस्तु आयात भएको Asycuda अभिलेख समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने पुष्ट्याई मिसिल संलग्न कागजातबाट देखिएन ।

११. यसरी पैठारीकर्ताले पैठारी गरेको मालबस्तु Asycuda Database मा उपलब्ध मूल्य भन्दा न्यून मूल्यमा पैठारी हुन आएकोले Asycuda Database समेतलाई आधार लिएर भन्सार ऐन २०६४ को दफा १३ को उपदफा ९ बमोजिम मालबस्तुको कारोबार मूल्यको निर्धारण गर्दा विश्व व्यापार सम्बन्धी सामान्य सम्झौता १९९४ को धारा ७ मा भएको प्रावधान अनुसार नै निर्धारण

गरी Asycuda Database अनुसार उक्त सामान USD १.५०प्रति के.जी मा आयात भएको देखिएको भनि भन्सार ऐन २०६४ को दफा १३ को उपदफा ९ बमोजिम कायम गरेको उक्त मालबस्तुको मूल्य USD १.५० प्रति के.जीलाई अन्यथा भन्न सकिने आधार प्रमाण देखिएन।

१२. माथि उल्लेखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता क्षमादेवी विल्डिङ्ग मेटेरियल्स प्रा.लि ले प्र.द.नं. M८७७३ बाट आयात गरेको UPVC Profile को भन्सार मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६।०१।०८ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालयलाई दिनु.......................................................................१
- सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु.......................................................................२
- प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु........................................३

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नेः</u>-
शाखा अधिकृतः सनिता लामा
टिपोट गर्नेः डिट्ठा सुनिता थापा

इति सम्वत् २०७७ साल पुष महिना २७ गते रोज २ शुभम् .......................................